हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : १९९ पृष्ठ : ४ २०७७ फाल्गुन ०७ गते शुक्रबार (Friday 19 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

• गुरुदक्षिणामा घर •

# सिरहाका शिक्षक कर्णलाई चितवनका विद्यार्थीहरुले गुरुदक्षिणामा दिए घर

अध्यापनमै आफ्नो जीवनको उर्वर समय चितवनमा बिताएका सिरहा धनगढीमाई नगरपालिका नैनपुरका एक शिक्षकलाई उनका विद्यार्थीहरूले नयाँ घर बनाएर गुरूदक्षिणा दिएका छन् ।

आफूलाई पढाउने पशुपतिलाल कर्णलाई विद्यार्थीले सानोतिनो उपहार होइन घर नै बनाएर गुरूदक्षिणा दिए । शिक्षक कर्णलाई सरस्वती पूजाका दिन २३ लाख रूपैयाँ लगानीमा निर्माण गरिएको घर गुरूदक्षिणा दिइएको हो ।



'२०७६ सालको गुरूपूर्णिमामा घरको जग खन्न सुरू गरेका थियौं । २०७७ सालको सरस्वती पूजाका दिन गुरूलाई घर नै हस्तान्तरण गर्‍यौं,' पूर्वविद्यार्थी कारी महतोले भने । सिरहामा जन्मेका कर्ण चितवनमा शिक्षक भएर पढाउन २०२६ सालमा गएका थिए । कंकाली स्कुल २०२४ सालमा खुलेको हो । कर्णले २०६९ सम्म उक्त विद्यालयमा पढाए । पहिलाको प्रावि स्कुल निमावि हुँदै २०५४ सालमा मावि भएको हो । 'म ७ सम्म यहाँ पढें । मावि पढ्न अर्को स्कुल गएँ । ७ कक्षा नपुग्दै मेरो बीचमा पढाइ छुटेको थियो । पशुपति सरले नै स्कुलसँग जोड्नुभयो । पढ्न प्रेरणा दिनुभयो र मैले पढाइ फेरि सुरू गरें,' महतोले सुनाए । महतो अहिले कंकाली माविमै शिक्षक छन् । 'कर्ण सर पूर्वी मधेसबाट चितवन आउनुभयो । यही स्कुलमा आफ्नो सारा जीवन बिताउनुभयो । यहाँका धेरै बालबालिकालाई अक्षर चिनाउनुभयो । सक्दासम्म यहीं पढाउँछु भन्ने उहाँको रहर हो । तर रहरले मात्रै भएन । उमेर हदले अवकाश पाउनुभयो,' महतोले भने । कर्णको अर्को इच्छा पनि थियो कि आफूले पढाएको स्कुल हेर्दै जीवनका अन्तिम क्षणहरु बिताउने । जागिरको दौरान संकलन भएको रकमले उनले स्कुल अगाडि

बाँकी ३ पेजमा

## शिक्षकलाई सम्मान:कहाँ, कहिले र कसरी !

गुरू अर्थात शिक्षक सर्वत्र पूजनीय हुन्छन् । सबै समाजले गुरूलाई आ-आफ्नै तरिकाले सम्मान गर्छ । त्यस्ता असल सामाजिक चलन संस्कार संस्कृतिलाई राज्यले पनि जोगाउने विकास गर्ने गर्दछ । तर शिक्षकहरूलाई राज्य, विद्यालय र जनस्तरबाट सम्मान गर्ने तरिका र दिन भने समाजै पिच्छे फरक फरक छन् । अनि स्वभाविक नै रूपमा कुनै घटना, दिवस वा व्यक्तित्वको सम्झनामा शिक्षकहरूको सम्मान गर्ने भन्ने पनि राष्ट्रहरू पिच्छे फरक फरक रहेछ । संसार भर नै शिक्षकहरूलाई घरबाट नै ल्याएका मिठाई, पुष्प गुच्छा, फलफूल, शुभकामना कार्ड, लूगा कपडा आदि उपहार दिएर विद्यार्थीले सम्मान गर्ने गरिन्छ । उक्त अवसर पारेर पूर्वी युरोपको केहि देशहरूमा विद्यालयमा गित संगीत कार्यक्रमको आयोजना गर्ने चलन पनि देखिन्छ । भारत र इस्टोनियामा सिनियर विद्यार्थीले कक्षा शिक्षणमा सघाएर पनि शिक्षक दिवसमा सम्मान गर्ने चलन छ । कोरियामा शिक्षकहरूको सम्मानमा विद्यार्थीले गर्ने कार्यक्रमहरू भड्किलो र उपहारहरू खर्चिलो हुदै गएकोले सरकारले विद्यालय छुट्टी दिने निर्णय गरेको छ । यो निर्णयले उक्त दिवसको अवसर पारेर शिक्षकहरूलाई घुम्न जान प्रेरित गरेको छ ।

नेपाल र भारतमा विद्यालय र जनस्तरमा आषाढ महिनाको पूर्णिमालाई गुरू पूर्णिमाको रूपमा मनाइन्छ । यसैगरी धार्मिक वा सांस्कृतिक कारणले तोकिएको दिनमा शिक्षकहरूको सम्मान गर्ने परम्परा रहेको पाइन्छ । त्यसैगरी चीन र ताइवानमा ती देशको समाजमा गहिरो सांस्कृतिक प्रभाव पारेका दार्शनिक कन्फ्युसियसको जन्म दिन समेत पारेर शिक्षकहरूको सम्मान गर्ने गरिन्छ । तर पछिल्लो युगमा कतिपय सामाजिक राजनैतिक घटनाक्रमले ती दिवसहरूको संयोजन सहित परिवर्तन समेत गरिएका छन् । विगतमा कतिपय देशमा प्रभावशाली शासकहरूको जन्म दिन पारेर

बाँकी ३ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट ।
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :-
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

फेब्रुअरी महिना : आयोडिन महिना
मानसिक फूर्ति शारीरिक शक्ति
आयोडिनयुक्त नुन
February :Iodine Month
नुन थोरै खाऔ तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुन मात्र खाऔ ।
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
शाखा कार्यालय, लहान

छिटो भनेकै WORLDLINK
"Terms and Conditions Apply"
SPEED मा BOOST नगदमा छुट
3C Rs. 1,250 6C Rs. 2,200
FREE
Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink
Lahan office: 033-561429, 033-561430 | Mirchaiya: 033550505, | Golbazar: 9801186055, | Kalyanpur: 031-540229


फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## प्रजातन्त्र दिवसको सार्थकता

**आज फागुन ७ अर्थात् प्रजातन्त्र दिवस । जहानियाँ राणा शासनको अन्त्य भएको ऐतिहासिक दिन । महान् जनक्रान्तिमार्फत् नेपाली समाजलाई राणा शासनको दासताबाट मुक्त गरी आधुनिक युगमा प्रवेश गराउन ढोका खुलेको दिन । प्रजातन्त्र प्राप्तिका लागि योगदान दिएका महान् योद्धा र उनीहरुको सपनालाई साकार पार्ने संकल्पका साथ हरेक वर्ष विभिन्न राजनीतिक दल र सरकारले विभिन्न कार्यक्रम गरी २००७ फागुन ७ गतेको स्मरण गर्छन्, प्रजातन्त्र दिवसको महत्वबारे व्याख्या गर्छन् । तर, विडम्बना ! प्रजातन्त्रको मर्म र भावना कसैले आत्मसात् गर्न सकेका छैनन् ।**


**परिवर्तनका लागि बलिदानी दिने महान् सहिदहरुले देखाएको बाटोमा न त सरकार नै हिंडेको पाइन्छ, न त कुनै दलले नै यसको मार्ग पहिल्याउनै सकेका छन् । दलहरुका अकर्मण्यता, अदूरदर्शी सोच र आपसी खिचातानीले गर्दा जनक्रान्तिबाट प्राप्त उपलब्धिहरु खोसिँदै आएका दृष्टान्त छन् जसले गर्दा जनताले प्रजातन्त्रको अनुभूति गर्न सकेका छैनन् । प्रजातन्त्र प्राप्तिपश्चात् पनि मुलुकले विकास र स्थायित्वको गति पहिल्याउन नसक्दा प्रजातन्त्र नै अभिसाप बन्न पुग्यो । आजका दिनसम्म पनि प्रजातन्त्र कहिले गुम्दै र कहिले पुनःस्थापित हुने श्रृंखला चलिरह्यो ।**

**प्रजातन्त्र प्राप्तिपश्चात् मुलुकले विकास र स्थायित्वको गति पहिल्याउन नसक्दा प्रजातन्त्र नै अभिसाप बन्न पुग्यो । आजका दिनसम्म पनि प्रजातन्त्र कहिले गुम्दै र कहिले पुनःस्थापित हुने श्रृंखला चलिरह्यो । अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भएको छ । शब्दमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र जे भनिए पनि आजको राजनीतिक परिवर्तनको जग भनेको २००७ सालमा स्थापित प्रजातन्त्र नै हो । राणा र शाही शासनकालको अन्त्यपश्चात् पनि दलहरुले मुलुकलाई सही गन्तव्य र विकासको मार्गमा अघि बढाउन सकेका छैनन् यो हामी सबैका लागि ठूलो दुर्भाग्य हो । नेपालमा प्रजातन्त्रको घोषणा भएको ७० वर्ष पुगेको छ । मानिसको जीवनमा यस उमेरलाई प्रौढ अवस्था मानिन्छ । प्रौढ अवस्थामा मानिसले आफ्नो जीवनमा गर्न सकेनसकेका कामको मूल्यांकन गर्छन् ।**

**प्रत्येक सचेत नागरिकले पनि प्रजातन्त्रपछि राष्ट्रिय जीवनमा आएका परिवर्तनको सूक्ष्म मूल्यांकन गर्छन् । विगतको भन्दा प्रजातन्त्र दिवसको समयमा राष्ट्रिय राजनीतिक रूपान्तरणको अवस्थामा रहेको छ । राष्ट्रले संविधान कार्यान्वयनको जटिल चुनौतीको सामना गर्नु परिरहेको छ । यस्तो अवस्थामा जनतामा आशा र निराशा दुवै देखिनु अस्वाभाविक होइन । गणतन्त्रका प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै विकास र समृद्धिको बाटोमा लाग्नुपर्ने महत्वपूर्ण समयमा दलहरुबीच सासूबुहारीको जस्तो कटाक्ष चलिरहेको छ । संघीयता कार्यान्वयनको चुनौती देखिँदै गर्दा दलहरुले इमान्दार प्रयत्न गर्न सकेमात्रै प्रजातन्त्र ल्याउन बलिदानी दिने ज्ञातअज्ञात सहिदहरुको सपना पूरा हुनेछ ।**

# समृद्धिको चिठी पर्खिरहेको हुलाकी राजमार्ग

**सुजित महत**



हुलाकी सडक एउटा विम्ब बन्यो, पहाडी–मधेसी विभेदको बिम्ब । मान्छेको जस्तै जात–समुदाय हुन्थ्यो भने हुलाकी सडक मधेसी हुन्थ्यो, पूर्व–पश्चिम (महेन्द्र) राजमार्गचाहिँ पहाडी, अझ पहाडी समुदायको पनि खसरआर्य राजमार्ग हुन्थ्यो होला । महेन्द्र राजमार्ग छेउछाउ पहाडी समुदायकै वर्चस्व छ, अपवाद जेमा पनि हुन्छन् । हुलाकी सडकमा मधेसीको वर्चस्व छ, त्यस्तै अपवादबाहेक । मधेसी समुदायमा हुलाकी सडकलाई बेवास्ता गरी महेन्द्र राजमार्ग निर्माण गरिनु नै विभेद हो भन्ने भाष्य स्थापित छ । यसैले त राजमार्ग भएर आवतजावत गरिरहने मात्र होइन, राजमार्गछेउछाउ घरजम गरेकाको पनि महेन्द्र राजमार्गप्रति गुनासो सुनिन्छ– काठमाडौंमा घरजम गरे पनि मधेसीलाई काठमाडौंसँग गुनासो भएजस्तै ।

महेन्द्र राजमार्गको वर्चस्व शासन संयन्त्रमा खस–आर्यकै जस्तै छ । कालोपत्रे चौडा सडक, राजमार्गका बजार फक्रँदै छन्, एकपछि अर्को सहर कोपिला लाग्दै छन्, फुल्दै छन् । उद्योग–व्यापार अनवरत उकालो लागेको लाग्यै छ । जग्गाको भाउ आकासिएको आकासियै छ । अर्कोतिर हुलाकीमा कालोपत्र विरलै भेटिन्छ– साँघुरो ग्राभेल सडक घाममा धुलाम्मे, वर्षामा हिलाम्मे । जीर्ण हुलाकी सडकलाई राजमार्ग नामाकरण गरी रूपान्तरणका लागि निर्माणको काम भइरहेको छ– मधेसीलगायतको समावेशीकरणका लागि समानुपातिक, आरक्षणको प्रबन्ध गरिएजस्तै । मधेसका सबै जिल्लाको सदरमुकाम अनि पुराना बजार हुलाकीमै वा छेउछाउ छन् । ती मुर्झाएका छन्, बजारको इतिहास पुरानो भएर के गर्नु । महेन्द्र राजमार्ग बनेको भाग घनाजंगल भएकै वेला गुलजार रहेका ती बजारहरू उजाड छन् । झापाली राजनीति, प्रशासन जतातते टड्कारो सुनिन्छन् । यसैले त प्रधानमन्त्रीले नै सुपर जिल्लाको पगरी गुथाइदिएका छन्, झापालाई । तर, जिल्लाकै नाम राख्ने त्यही झापा बजार भने सुनसान छ । एकथरी मधेसी बौद्धिकको गुनासो हुन्छ दिल्लीको संस्थापनले 'रोटी–बेटीको सम्बन्ध भन्दै मधेसीलाई फुर्क्याए पनि ऐनमौकामा तिनको चोचोमोचो काठमाडौंसँगै मिल्छ, मधेसी त काठमाडौंलाई साइजमा ल्याउने अस्त्र मात्र हुन् तिनका लागि ।'

हुन पनि हुलाकी कहिल्यै भारतको रूचिको विषय भएन । महेन्द्र राजमार्गको तीनचौथाइ भाग भारतीय योगदानमा बन्यो । दोस्रो विश्वयुद्धपछि सुरू भएको 'दीर्घकालीन शीतयुद्ध'बाट महेन्द्र राजमार्ग लाभान्वित भयो । राजमार्ग निर्माण सुरू भएको बिन्दु ढल्केवरदेखि पथलैयासम्मको सडक–पुलको निर्माण तत्कालीन सोभियत संघले गर्दियो ।

कम्युनिस्टहरूको 'वार्सा प्याक्ट' वाला सोभियत संघ आएपछि पुँजीवादीहरूको 'नाटो'वाला बेलायत आयो, नारायणगढ–बुटवल खण्ड बनाइदियो । आफ्नै सीमानजिक विदेशीहरूको 'चलखेल' भारतलाई मञ्जुर भएन सायद, यसैले त बाँकीको जिम्मा लिइदियो । पञ्चायतकालभरि हुलाकी मार्गमा सरकारकै नजर परेन, भारतको के कुरा गराइ भो र । ०४६ सालको परिवर्तनपछि अन्तरिम सरकारकै पालामा उता भारतमा पनि प्रजातन्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाउन चाक्सीबारी (गणेशमान सिंह निवास)मा आएर भाषण गर्ने चन्द्रशेखर प्रधानमन्त्री बनेका थिए । उनकै नेपाल भ्रमणको क्रममा कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले हुलाकी मार्ग निर्माणमा सघाउन अनुरोध गरेको थियो, चन्द्रशेखरले आश्वासन पनि दिएका हुन्, उनको सरकार अल्पअवधिमै गिर्‍यो, त्यसपछि चर्चै भएन ।

विश्लेषक सिके लालका अनुसार अतीतमा फर्किने हो भने हुलाकी सडक सिर्फ मधेसीसँग जोडिएको थिएन । मधेसमै पनि बडाहाकिम पहाडिया हुन्थे । मधेसका सहर–बजारमा पहाडिया समुदायको उल्लेख्य बसोवास हुन्थ्यो । दूरदराजका भारतीय सीमासँग जोडिएका देहात पनि पहाडियारहित हुन्थेनन्, केही परिवार पहाडिया हुन्थे–हुन्थे । मधेसमा अनुपस्थित जमिन्दारहरूको काफी जग्गा–जमिन मधेसमा हुन्थ्यो । बडाहाकिम वा माल अड्डा हाकिमले घर–जग्गा जोडे पनि मधेसमै घरजम गरेनन् । जग्गाको भाउ बढ्न थालेपछि अरू पनि बेचेर भ्याए काठमाडौंमै नभ्याए राजमार्गका बजारमा किन्ने क्रम सुरू भएपछि मधेसका दक्षिणी भेगबाट पहाडिया रित्तिँदै गए । 'अहिले चाहिँ तपाईंले भनेजस्तै हुलाकी राजमार्ग मधेसी राजमार्ग भन्न मिल्ने भएको छ,' उनी भन्छन् ।

हुलाकी राजमार्गमा २० महिनाअघि झापादेखि कञ्चनपुर यात्रा गर्ने क्रममा कहिले हिमाल चढेर त कहिले साइकल चढेर ट्विटरको टाइमलाइनमा आइरहने 'तनावी समूह'मा बहस भएको थियो– कुनै सहर–बजारलाई मृत भन्ने कि नभन्ने ? जोडदार तर्क आयो– मृत भइसकेपछि बौरिने सम्भावना हुँदैन । महेन्द्र राजमार्गको राप–तापमा मुर्झाएका यी बजार हुलाकीको राजमार्गमा रूपान्तरणसँगै गुलजार बन्ने सम्भावना जीवित छ, मृत भन्न मिल्दैन । विभिन्न विकल्प प्रस्तुत भए– कोमामा रहेको सहर, मुर्छित सहर आदि । जे होस्, झापाली पहिचानको जननी झापा बजार मुर्छित हुँदै गर्दा झापाकै कनिष्ट बिर्तामोड, दमक हलक्क हुर्किए । प्रधानमन्त्रीले चुनाव लड्ने क्षेत्र भएपछि बजेटको के दुःख, दमकमा अर्बौ खर्चमा भ्युटावर ठडिँदै छ । 'हिङ नभए पनि हिङ बाँधेको टालो त छ' नि भन्न झापा बजारसँग केही पुराना घर थिए । सुनिँदै छ, हुलाकी राजमार्ग निर्माणकै लागि ती घरहरू भत्काइ सकिएका छन् ।

पहिलो मधेस आन्दोलनताका मधेसी नेताहरूले प्रस्तुत गर्ने मधेसमाथि भएको विभेदको सूचीमा हुलाकी सडक आइहाल्थ्यो । 'रेखांकन भइसकेको हुलाकी सडकलाई बेवास्ता गरी जंगल फँडानी गरेर महेन्द्र राजमार्ग निर्माण गरी पहाडी समुदायलाई मधेसमा बसाइँ गर्न उत्प्रेरित गरियो । महेन्द्र राजमार्ग मधेसमाथि षड्यन्त्र थियो । यसले मधेसमा पहाडी समुदायको उल्लेख्य उपस्थिति मात्र भएन तिनको बसाइ राजमार्गवरपर भएकाले आर्थिक शक्ति तिनकै हातमा पुग्यो' आदि । महेन्द्र राजमार्गलाई वास्ता र हुलाकीको बेवास्तालाई विभेदको प्रतीकका रूपमा स्थापित त्यही आन्दोलनले गर्‍यो । नत्र, मधेसवादीका लागि वामपन्थीको मार्क्सवादसरह मार्गदर्शक भएको फ्रेडरिक गेजको 'रिजनालिज्म एन्ड न्यासनल युनिटी इन नेपाल'मै हुलाकी सडकबारे चर्चा छैन । सन् १९६० को दशकको अन्त्यतिर अनुसन्धान गर्न गेज मधेसका बस्ती चहार्दा महेन्द्र राजमार्ग धमाधम बन्दै थियो । उपेन्द्र यादवको सन् २००३ मा प्रकाशित 'नेपाली जनआन्दोलन और मधेसी मुक्तिका सवाल' पनि विभेदको प्रतीक बनेको हुलाकी सडकको चर्चा छैन ।

**कति पुरानो ?**

हुलाकी मार्ग कति पुरानो ? नेपालमा हुलाकी सडकको इतिहास पुरानै छ, दुई सय वर्षभन्दा पनि पुरानो । तर, मधेसको दक्षिणपट्टि भारतीय सीमानेर मेचीदेखि महाकाली लमतन्न तन्किएको अहिलेको हुलाकी मार्गको इतिहास सम्भवतः त्यति पुरानो छैन । लुडविग स्टिलरको 'साइलेन्ट क्राई' मा हुलाकी रोडको नक्सा नै कोरिएको छ, जुन काठमाडौंबाट अलमोडा पुग्छ । सरदार भीमबहादुर पाँडेले 'त्यस बखतको नेपाल'मा उल्लेख गरेका निम्न कुराले पनि त्यसबखतको हुलाकी मार्गको अहिलेको हुलाकी मार्गसँग गोरू बेचेको साइनोधरि देखाउँदैन ।

लेखिएको छ, 'त्यस बखतको नेपाल एकीकरण गर्न र त्यसको प्रशासन चलाउन टिस्टादेखि काँगडासम्म बनेको र पछि खुम्चे मेचीदेखि महाकालीतक तन्केको बाटोलाई त्यसबखत मूलबाटो वा हुलाके बाटो भनिन्थ्यो । मूलबाटोको ठाउँठाउँमा कोस जनिएका ढुंगा गाडिएका हुन्थे । त्यो कोसको गिन्ती काठमाडौंको हनुमानढोकाबाट सुरू हुन्थ्यो । ती कोसलाई स्याउले कोस भन्दथे । त्यसले मेचीदेखि महाकालीतकका सबै पहाडी गौंडा–गोस्वारा छुन्थ्यो । यसैमा मिल्दथे उत्तर तिब्बत र दक्षिण भारत छिचोल्ने साना–ठूला पैदल बाटाहरू । आर्थिक प्रशासनिक र सैनिक दृष्टिकोणबाट यो मूलबाटो नेपालको निमित्त महत्वपूर्ण थियोर । पहाडियाहरूले मूलबाटामा ठूलो चाख लिन्थे । मेची–महाकाली छिचोल्ने नागबेली परेको त्यो मूलबाटो एकप्रकारले आजकलको महेन्द्र राजमार्गजस्तै गनिन्थ्यो । र, त्यही थियो मेची–महाकालीबीचका जनतालाई जोड्ने एक निकाय । २००७ सालमा नेपाल अधिराज्यमा कालोपत्रे ५, खण्डस्मित ८३ र कच्ची मोटर चल्ने बाटो २८८ किलोमिटर थियो । मेचीदेखि पश्चिम डोटीसम्म यो बाटो मर्मतलाई जंगबहादुरले २ लाख निकासा गरेथे । पछि श्री ३ चन्द्रले बाटोमा पर्ने धेरैजसो ठूला नदीमा देशी पुल हालिदिए । सप्तकोसी र सप्तगण्डकीमा अनेक ठाउँमा जनताबाट तुइन, फट्के

*बाँकी ३ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने समय छ । जटिल ठानिएको कामसमेत सम्पादन हुनेछ । ज्ञान र अध्यात्मको भावना जाग्न सक्छ ।

**वृष** :- आज शुभकार्यको चर्चा चल्नेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

**मिथुन**:- स्वास्थ्यप्रति सजक रहनु होला । दबाब र तनाव बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

**कर्कट** :- लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न र हनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् ।

**सिंह**:- आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा पनि हुनेछन् ।

**कन्या** :- आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ । सामाजिक र धर्मकर्मको क्षेत्रमा मन लाग्नेछ ।

**तुला** :- आज आफूलाई कमजोर भएको अनुभूति हुनेछ । आफन्त संग मनमुटाव बढ्ला । सामान हराउन पनि सक्नेछ समय छ, सचेत रहनु होला ।

**वृश्चिक** :- हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास हुनेछन् । साझेदार वा सहयोगीको सङ्गतले फाइदा हुने काम गरिनेछ ।

**धनु** :- अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।

**मकर**:- रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । तर्क, विवाद र प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।

**कुम्भ**:- दबाब र तनाव बढेको महसुस हुनेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । कार्य सम्पादनमा समस्या आउला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ ।

**मिन** :- रोकिएका काम पुनः सुरू हुन सक्छन् । ठेक्कापट्टा तथा घर जग्गाको कारोबार सफल हुनेछ । कसैकसैका लागि सन्तान सुखको योग पनि छ ।

# सामाजिक रुपान्तरणमा प्रदेश सरकार

## *दलित विकास समिति गठन*

प्रदेश २ मा झण्डै १८ प्रतिशत जनसंख्या रहेको दलित समुदाय सामाजिक, आर्थिक र राजनैतिक हिसावले शोषित र विभेदको शिकार सदियौँदेखि हुँदै आएको छ । मन्त्रीपरिषद्को बैठकले प्रदेश दलित सशक्तिकरण ऐनको प्रयोग गरी दलित विकास समिति गठन गरेको छ । दलित विकास समितिका उपाध्यक्षमा राम प्रवेश वैठा, सदस्यहरूमा सिराहाकी सेवकी देवी दास,सप्तरीका श्यामसुन्दर सरदार,रौतहटका राजकुमार दास तत्मा,सिराहाकी सुनिता मरिक रहेका छन ।

अबदेखि यस प्रदेशमा दलितसंग हुने विभेदलाई सम्वोधन गर्न प्रदेश स्तरीय संयन्त्र निर्माण भएको छ । राष्ट्रिय सभाका पूर्व सदस्य रामपृत पासवान जातीय छुवाछुत उच्च स्तरीय अनुगमन समितिको सदस्य पदमा मनोनित भएका छन ।

## सिरहाका ...

सात धुर जमिन पनि किने । 'म २००८ सालमा सिरहामा, अहिलेको धनगढीमाई नगरपालिका नैनपुरमा जन्मेको हो । चितवन २०२६ सालमा आएको हुँ । सुरुमा झुवानीमा पढाएँ । २०२७ सालपछि २०६९ चैतसम्म कंकालीमा निरन्तर पढाएँ,' कर्णले सुनाए । शिक्षक भएर चितवनमा कर्णको जवानी बित्यो । प्रौढ अवस्था पनि गुज्रँदै छ । 'अब जीवनका लगभग दुई तिहाइ समय बिताएको स्कुल हेर्दै मरौं भन्ने चाहनाले आडैमा जग्गा किनेको हो,' उनले भने । घर बनाउने योजना रहँदारहँदै श्रीमतीलाई क्यान्सर भयो । ११ वर्षदेखि श्रीमतीको क्यान्सरको उपचार चल्दै आएको छ । अहिले अवस्था धेरै नै राम्रो हुँदै गएको छ । श्रीमतीको उपचारमा खट्नुपर्ने भएपछि घर बनाउने समय र खर्च कर्णसँग भएन । प्रावि शिक्षकको दरबन्दीमा आएका कर्ण अवकाश पाउने बेलामा निमावि द्वितीय श्रेणीको तहमा पुगेका थिए । यो तहको शिक्षकले पढाएर मात्रै धेरै खर्च जुटाउन हम्मे हुन्थ्यो । पहिला कर्णका विद्यार्थी र पछि सहकर्मी नै बन्न आएका कारी महतोले उनको चिन्ता ठम्याउन थाले । २०७५ सालमा स्कुलको स्वर्ण महोत्सव थियो । त्यो बेला धेरै नै पूर्वविद्यार्थी जम्मा भएका थिए । कारीले पूर्वविद्यार्थीमाझ 'कर्ण सर' को घर बनाउने चाहना सुनाए ।

'२०७५ सालको माघ १८ गते हामीले घोषणा गर्‍यौं । पशुपति सरको घर बनाउने धोको हामी पूरा गर्नेछौं भनेपछि उसै दिन चार/पाँच लाख रूपैयाँ जुट्यो । पूर्वविद्यार्थी विजय बुर्लाकोटीले दुई लाख रूपैयाँ दिए,' कारीले सुनाए । सामाजिक सञ्जालमा सन्देश राखेका आधारमा धमाधम नगद संकलन हुन थाल्योर । दुई पाखे जस्ताले छाएको चारकोठे घर बनाउन र घरमा विभिन्न सामानहरु राख्न झन्डै २३ लाख रूपैयाँ खर्च भयो । 'घर बनाउँछु त भनेको थिएँ । तर खै यस्तै दुःख संकटहरु आए । तर विद्यार्थीले मेरो मनोभावना बुझेछन् भन्नुपर्‍यो । उनीहरु मेरो दुःख देखेरै हुर्केका हुन्,' कर्ण भन्छन्, 'घर त मैले पनि जेनतेन बनाउन सक्थें तर विद्यार्थीले गुरूदक्षिणाका रूपमा अर्पण गरे ।' अब आफ्नो अन्तिम इच्छा त्यही घरमा जीवन बिताउने र मृत्युपछि विद्यार्थीमाझ देवघाटमा अन्तिम संस्कार होस् भन्ने रहेको उनले सुनाए ।

## शिक्षकलाई ...

शिक्षक दिवस मनाउने चलन थियो । भुटान र ब्रुनाईमा यद्यपी त्यो चलन बाँकी रहेको छ । शिक्षा विज्ञान र संस्कृति हेर्ने संयुक्त राष्ट्रसंघीय निकाय युनेस्कोले १९६७ मा शिक्षक र शिक्षण पेशाको लागि अन्तर्राष्ट्रिय तहमा नै सेवा शर्त र सुविधा सम्बन्धि औपचारिक घोषणा गरेपछि कतिपय देशहरूमा सो मितिलाई नै आधार मानी ५ अक्टोबरमा शिक्षक दिवस मनाउन सुरू गरिएको छ । क्यानडा, अष्ट्रेलिया, जर्मनी लगायत विकसित युरोपियन राष्ट्र अरेवियन अधिराज्यहरूले यहि मितिलाई विश्व शिक्षक दिवस मानेर विविध कार्यक्रमहरू गर्ने गरेका छन् । अझ यही मितिलाई संसार भरका शिक्षक युनियनहरूको महासंघ, एजुकेशन ईण्टरनेसनलले समेत विश्व शिक्षक दिवसको रूपमा स्विकार गरेर मनाउन थाले पछि अहिले १०० वटा भन्दा बढी राष्ट्रहरूमा अक्टोबर ५ लाई शिक्षक र शिक्षण पेशा गर्नेहरूको चाडपर्वको रूपमा मनाइने गरिन्छ । विगतमा बिभिन्न मितिमा शिक्षक दिवस मनाउने कतिपय राष्ट्रहरूले समेत यहि मितिमा शिक्षक दिवस मनाउन समेत थालेका छन् । आफ्नो देशमा सार्वजनिक शिक्षा नितिमा महत्वपूर्ण फड्को मारेको घटनाको सम्झनामा पनि शिक्षकहरूको सम्मान गर्ने चलन रहेको पनि छ । भारतका दोस्रो राष्ट्रपति डा. सर्वपिल्ले राधाकृष्णनको जन्मोत्सवको दिन पारेर ५ सेप्टेम्बरमा शिक्षकहरूको योगदानलाई महत्वका साथ सम्मान गरिन्छ । ब्राजिल, क्युबा, मेक्सिको, पनामा, पेरू, कोलम्बिया, इक्वेडर, टर्की, पोलैण्ड, थाइलैण्ड, फिलिपिन्स आदि देशहरूमा सार्वजनिक शिक्षाको लागि बनाइएको नीति र सोको लागि योगदान गर्नुहुने नेताहरूको सम्झनामा बिभिन्न मितिहरूमा शिक्षकहरूको सम्मान गरिन्छ । फिलिपिन्समा वर्षेनी राष्ट्रिय शिक्षक दिवस (सेप्टेम्बर ५) देखि विश्व शिक्षक दिवस (अक्टोबर ५) सम्म नै शिक्षकहरूको सम्मान गरिन्छ । संयुक्त राज्य अमेरिकामा प्रान्तीय स्तरमा भिन्दा भिन्दै मितिमा शिक्षकहरूको सम्मान गरेता पनि अधिकांश अमेरिकी समाजमा चाहि मे महिनाको पहिलो हप्तालाई शिक्षक प्रशंसा सप्ताहको रूपमा मनाइन्छ । त्यो हप्ताको पनि मंगलबार शिक्षकहरूलाई विद्यार्थीद्वारा उपहार दिएर उनीहरूको योगदानको लागि सम्मान गरिन्छ । नेपालमा नेपाली शिक्षकहरूको हक हित र पेशागत मर्यादा अभिवृध्दी गर्नको लागि २०३६ साल देखि आन्दोलनरत नेपाल राष्ट्रिय शिक्षक संगठनको विधान स्विकृत भएको मिति चैत्र २९ गतेलाई शिक्षक दिवसको रूपमा मनाउने गरिन्छ । सामान्यतया पेशागत र सांगठनिक जीवनमा विशेष योगदान गर्नु हुने अगूवा शिक्षकहरूको सम्मान गरिने सो कार्यक्रममा केहि विविधताहरूको पनि विकास भएका छन् । तर यो दिवसमा शिक्षकलाई विद्यार्थी र अभिभावकहरूबाट सम्मान गर्ने अवसरको रूपमा विकास गर्न सकिएको छैन । काठमाण्डौ उपत्यका र विभिन्न जिल्ला सदरमुकामहरूमा अक्टोबर ५ मा विश्व शिक्षक दिवस पनि मनाउन थालिएको छ ।

## समृद्धिको...

र सरकारतर्फबाट झोलुंगे पुल बनेका थिए, तिनैलाई देशी पुल भन्दथे । कहींकहीं घाटा पारेर रकम खाएका बोटेले हिउँद-बर्खै डुंगा चलाउँथे । यो मूलबाटो कहीं फराक र कहीं साँघुरो हुन्थ्यो । यसमा कताकति डोली, निकै घोडचढी र अधिकांश पैदल सवारी चल्थ्यो । त्यसबखत पहाडतिर त्यो मूलबाटोको विशेष चाह हुनुको ठोस कारण थियो । त्यो एकप्रकारले नेपाल अधिकाराज्यको नवनाडी बनेको हुँदा । यसै मूलबाटोबाट मेचीदेखि महाकालीतक ग्रामीण जनताले चिठीपत्रको मात्र आदानप्रदान गर्दैनथे । यसमा रातोदिन दगुर्ने हुलाक, हिँड्ने बटुवाहरूको मुखबाट राजधानी र जिल्ला समाचार भेट्टाउँथे र देशविदेशका धेरथोर खबरबाट परिचित हुन्थे ।'

विश्लेषक लालको अनुमानमा मधेसका बस्ती सयौं वर्ष पुरानो भएकाले बाटो (हुलाकी) पनि स्वतः सयौं वर्ष पुरानै हुनपर्छ । सिम्रौनगढ र जनकपुरको इतिहास धेरै पुरानो छ, भनेपछि ती ठाउँलाई जोड्ने बाटो पनि थियो होला । 'तैपनि अहिलेको बाटोको रेखांकनचाहिँ जंगबहादुरको पालाको हो,' उनको दाबी छ । जंगबहादुरको पालामा सीमालाई आधुनिकीकरण र व्यवस्थित गर्ने योजनाअन्तर्गत 'जंगे पिलर' ठड्याइयो– मेचीदेखि महाकालीसम्मै । पिलर ठड्याउन कामदार, प्राविधिक परिचालन गर्नुपर्‍यो । राणाकालमै गौंडा, गोश्वाराको अवधारणा आयो । वीरगन्ज एउटा गौंडा थियो । वरपर संकलित कर हात्ती, घोडामा लादेर वीरगन्ज ल्याउनुपर्थ्यो– हुलाकी रोडमार्फत । गौंडामा संकलन भइसकेपछि नै श्री ३ हरु कति काठमाडौं ल्याउने, कति लगानी गर्न कलकत्ता पठाउने निर्क्योल गर्थे । यसरी हात्ती, घोडा हिँडाउन पनि बाटो त चाहियो ।

चिठी पनि काठमाडौंबाट पूर्वतिर पठाउँदा पनि पहिला वीरगन्ज पठाएर मधेसकै बाटो पूर्वतिर लगेर पहाडमा पुर्‍याउँदा सजिलो भयो । यसरी प्रयोग हुने बाटोलाई हुलाकी नामकरण गर्दिएका चाहिँ जनताले हो । चन्द्रशमशेरको पालामा मधेसमा नापी सुरू गरिँदा यसले अझ स्वरूप ग्रहण गर्‍यो– एकसय वर्षअघि । तर, नेपालको इतिहासमा दख्खल राख्ने अर्थशास्त्री डा. विश्व पौडेल पूर्व-पश्चिम तन्किएको हुलाकी सडकको पुरानो इतिहास नभेटिएको बताउँछन् । बस्ती-बस्ती जोड्न ठाउँठाउँमा सडक भए पनि दक्षिणी सीमानजिक मेची-महाकाली सडक इतिहासमा भेटिँदैन । २००८ सालमा भारत भ्रमणको क्रममा प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले पूर्व-पश्चिम राजमार्ग र त्रिभुवन राजपथ निर्माण गरिदिन अनुरोध गरेका थिए । 'त्यतिवेला मेची-महाकाली हुलाकी सडकको रेखांकन भइदिएको भए पक्कै त्यो सडकको कुरा उठ्ने थियो,' उनी भन्छन् ।

**हुलाकी महेन्द्र राजमार्ग भइदिएको भए ?**

पूर्व-पश्चिम राजमार्ग अहिलेको हुलाकी राजमार्गलाई बनाइएको भए के हुन्थ्यो होला ? पर्यावरणीय दृष्टिकोणले सही कदम हुन्थ्यो । तराईको जंगलबीचबाट रेखांकन गरिएको महेन्द्र राजमार्ग निर्माणमा जंगल निर्मम फँडानी गर्नुपरेको थियो । सडक निर्माणपछि उत्तरबाट र केही दक्षिणबाट राजमार्गवरपर बसाइसराइँको चाप पनि वन क्षेत्रमै पर्‍यो । तुलनात्मक रूपमा कम वन क्षेत्र पर्ने भएकाले वन विनाश कम हुन्थ्यो । कतिपय ठाउँमा नयाँ निर्माण त कतिपय ठाउँमा स्तरोन्नति गरे पुग्ने भएकाले राजमार्ग निर्माण किफायती हुन सक्थ्यो । तर, नदी जति दक्षिण गयो उति फैलिँदै जाने स्वभावका कारण पुलको लागत बढ्थ्यो । त्यो भारतीय रेलमार्गको नजिक भएको हुँदा र पुराना बस्ती-बजार अघिदेखि भएको हुँदा आर्थिक गतिविधि सम्भवतः महेन्द्र राजमार्गभन्दा द्रुत गतिमा दौडिन्थ्यो । 'अर्थशास्त्रको सिद्धान्तअनुसार लागतको उच्च प्रतिफल हुलाकी राजमार्गबाटै आउँथ्यो,' लाल भन्छन् ।

त्यसबखत सीमावर्ती बिहार र उत्तरप्रदेशमा आर्थिक गतिविधि सुस्त थियोर । अर्कोतिर हाम्रामा दक्ष जनशक्तिको अभाव । राजमार्ग निर्माणसँगै औद्योगिकीकरण, बजार, कृषिमा सम्भाव्यता बढ्दै गएपछि भारतबाट बसाइसराइँको चाप पनि

*बाँकी ४ पेजमा*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# लहानमा सुविधा सम्पन्न सुनचाँदी पसलको उदघाटन

**फिरोज शेख**

**लहान** । लहानमा कृष्णा ज्वेलरी आइ.एम.ई. सुनचाँदी पसलको बिहीबार समुदघाटन गरिएको छ ।

लहान–१ मा अवस्थित सबैभन्दा पुरानो आइ.एम.ई.मनि ट्रान्सफरको रूपमा स्थापित कृष्णा मनि ट्रान्सफरका संचालक राम विलास महतोले आफ्नो सेवा विस्तार गर्दै सहिद चौकस्थित विशाल होटलको सामुन्ने पुरानो आइ.एम.ई. मनि ट्रान्सफरको भवनमा सुविधा सम्पन्न कृष्णा ज्वेलरी सुनचाँदी पसल स्थापना गरेका हुन् ।






लहान सुनचाँदी व्यवसायी संघका अध्यक्ष श्याम साह भोरे भोरको प्रमुख आतिथ्यतामा पसलको समुदघाटन गरिएको हो । प्रमुख अतिथि श्याम साह भोरे भोरले रातो रिवन काट्दै माता लक्ष्मीको तस्विरमा फूलमाला अर्पण गरि कृष्णा ज्वेलरी आइ.एम.ई. सुनचाँदी पसलको समुदघाटन गरेका थिए । उदाटन समारोहमा विभिन्न संघ–संस्थाका प्रतिनिधि, जनप्रतिनिधि, बुद्धिजीवी, नागरिक समाजका अगुवा, व्यापारी, राजनीतिक दलका प्रतिनिधि लगायत संचारकर्मी, सर्वसाधारणहरूको उपस्तिथी रहेको थियो । कृष्णा ज्वेलरी आइ.एम.ई. सुनचाँदी पसलमा विभिन्न किसिमका अत्याधुनिक, परम्परागत सुनचाँदीका तयारी गहना पाउनुका साथै अडरअनुसारको गर गहना तयार पनि गरिने संचालक महतोले जानकारी गराएका छन् ।

## समृद्धिको...

हुलाकी राजमार्गमा पनि पर्थ्यो, जुन महेन्द्र राजमार्गमा पनि नपरेको होइन । 'देशको दुईतिहाइ जनसंख्या मधेसमा हुन्थ्यो,' लाल भन्छन् । उनका अनुसार त्यति धेरै चाप परेपछि आफ्नै डाइनामिक्स बन्थ्यो । भारतसँग व्यापार बढ्थ्यो । भारतमा अवधी संस्कृति खस्कियो । अवधी संस्कृतिको केन्द्र सायद नेपालै बन्थ्यो । जनकपुर मैथीलीको केन्द्र बन्थ्यो । थारु संस्कृतिको केन्द्र बन्थ्यो । अर्थतन्त्रले शक्ति दिने भएकाले सांस्कृतिक केन्द्र निर्माणमा सघाउँथ्यो ।

हुन पनि राजमार्ग बनेसँगै बसोवास हुन्छ, अर्थतन्त्र र राजनीति चल्छ । राजमार्गकै कारण कालान्तरमा मधेसको आर्थिक र राजनीतिक केन्द्र त महेन्द्र राजमार्ग नै बन्न पुग्यो । सबैको केन्द्र उत्तरबाट दक्षिणतिर सऱ्यो । पहिले बस्ती उत्तर–दक्षिण तन्किएका थिए, महेन्द्र राजमार्गका कारण पूर्व–पश्चिम तन्किए । पानीको बहाव प्रभावित भयो, बाढीको कहर बढ्यो । हुलाकीलाई राजमार्ग बनाइदिएको भए अहिले मृतप्रायः भएका सहर गुलजार हुन्थे । झापा बजार अहिलेको बिर्तामोडजस्तो हुन्थ्यो । बर्दिवास, लालबन्दी, चन्द्रनिगाहपुरको विकास सम्भवतः जलेश्वर, मलंगवा, गौरमा खप्टिन्थ्यो । बुटवलको अहिलेको रूप कल्पनाबाहिरको हुन्थ्यो । परासी ठूलो सहर बनेको हुन्थ्यो । हुलाकीलाई वेलैमा राजमार्गमा प्रमोसन गरिएको भए रंगेली नै पो अहिलेको विराटनगरजस्तो हुन्थ्यो किर ? हुलाकीमा हल्का ध्यान दिइएको भए विराटनगरको औद्योगिकीकरण दुहबीतिर नसरी रंगेलीतिर घुस्थ्यो । बुटवल, चन्द्रौटा भैरहवा र कृष्णनगरसँग तुलनालायक हुन्थेनन् । कुनैवेला प्रमुख नाकामध्येकै कोइलावासको पतन हुने सवालै थिएन ।

**जब हुलाकी प्राथमिकतामा पऱ्यो**

पूर्व अर्थसचिव रामेश्वर खनालले सम्झिएअनुसार उनी २०६२ र ६३ तिर अर्थमन्त्रालय प्रवेश गर्दा हुलाकी सडकका लागि वर्षको एकाध करोड रूपैयाँ बजेट विनियोजन गरिएको हुन्थ्यो । सडक परियोजनामा विनियोजन हुने यस्तो बजेट भनेको काम फत्ते गर्नभन्दा पनि कर्मचारी–ठेकेदार 'भागशान्ति जयनेपाल' गर्न हुन्छ । 'हुलाकी र कान्ति राजपथमा बजेट माग्नुस् भन्दा पनि सम्बद्ध मन्त्रालयले रूचि देखाउँथेन,' उनी भन्छन्, 'तीमाथि किन सौतेलो व्यवहार भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ पनि पाइएन ।' अर्थले सिलिङ मात्र दिने हो, फलानो योजनाकै लागि यति ल्याउन भन्न मिल्दैन । अर्थले बजेट थप्दिए पनि कामचाहिँ हुन्थेन ।

मधेस आन्दोलनको रापताप पछि भने परिदृश्य फेरियो । मधेस आन्दोलन सफल हुँदा लाभ हुलाकी सडकलाई पनि भयो । संघीयता, आरक्षण आदि स्विकार्न काठमाडौं बाध्य भयो नै, छुट्टै हुलाकी राजमार्ग आयोजना खडा गरी २०६५र६६ देखि निर्माणका लागि यथेष्ट बजेट विनियोजन गर्न थालियो । मधेसी नेताहरूको (मधेसी दलका मात्र होइन, ठूला पार्टीका मधेसी नेतासमेत) मधेसका विकास परियोजनामा बजेट विनियोजनमा भयंकर असन्तुष्टि प्रकट हुन थाल्यो । अनि हुलाकी सडकका लागि एकैचोटि १ अर्ब ७६ करोड रूपैयाँ बजेट विनियोजन गरिएको खनाल सम्झन्छन् । प्रधानमन्त्रीको भारत भ्रमणमा पनि सहायता प्रस्ताव गरियो । भारत बाटो बनाउन राजी भयो, पुल नेपालले बनाउने भयो । हुलाकी सडकलाई महेन्द्र राजमार्गसित जोड्न नसके अपेक्षित लाभ लिन सकिँदैन भने सदरमुकाम–महेन्द्र राजमार्ग जोड्ने सडक पनि स्तरोन्नति गर्ने सम्झौता भयो, सर्तअनुसार ठेक्का भारतीयले पाउनुपर्थ्यो, ठेक्का पनि लाग्यो । तर, भारतीय ठेकेदारले काम छाडे । भारत सरकारकै हुलाकी राजमार्ग निर्माणमा अरूचिका कारण ठेकेदार भागे वा लाभ नहुने देखेपछि भन्नेचाहिँ आ–आफ्नो सुविधाअनुसार अनुमान लगाउन पर्ने विषय हो ।

**निर्माण सम्पन्न भएपछि ?** लालका अनुसार पूर्व–पश्चिम राजमार्गले सेवा व्यवसाय बोक्छ, हुलाकीले उत्पादक क्षेत्रलाई बोक्छ । लालको बुझाइमा पहाडेसँग सांस्कृतिक पुँजी छ, पढालिखा छन् त्यसैले सेवा व्यवसायमा अब्बल हुन्छन । हुन पनि अहिले पनि गौर, सिरहा र मलंगवामा गतिला होटेल छैनन्, कामका लागि भोलिपल्ट त्यहीँ आउन पर्ने भए पनि बाहिरबाट पुगेका मान्छे वास बस्न लहान, चन्द्रनिगाहपुर र लालबन्दी नै पुग्छन् । भारतीय रेल नेटवर्कसँग नजिकका साथै सस्तो श्रम आदि उपलब्धताले हुलाकी राजमार्गलाई उचाल्ने लालको विश्लेषण छ । तर, लालले भनेजस्तो उत्पादक क्षेत्र बोक्न हुलाकीसँग आवश्यक अन्य पूर्वाधार पर्याप्त छैन । पूर्व–पश्चिम राजमार्गमा १३२ केभिए प्रसारण लाइन छ । हुलाकी राजमार्गमा त्यो सुविधा भएन भने ठूला उद्योग स्थापना हुन सक्दैनन् । विद्युत् प्रसारण लाइन बनेपछि भूमही–भैरहवा सडक खण्ड उद्योगको हब बनेको छ । सिमेन्ट, मोटरसाइकल उद्योगदेखि होटेलसम्मै खुलेका छन् । हुलाकी राजमार्ग बनेपछि उत्तरतिरका कतिपय बजारको वृद्धि रोकिन सक्छ, केही मुर्झाउन पनि सक्छन्, हिजो हुलाकी सडकका पुराना बजार जस्तै । हिजो कृष्णनगरले अपेक्षित विकास हासिल गर्न सकेन । चन्द्रौटा ठूलो बजार बन्यो । तर, हुलाकीले भारतीय रेल स्टेसनसँगै जोडिएको कृष्णनगरलाई उचालेर चन्द्रौटालाई पछार्दिन सक्छ । फेरि मलंगवाजस्ता भारतीय रेलसँग नजिक नरहेका बजारले खासै लाभ हासिल नगर्न सक्छन् ।

औलो उन्मूलन भएपछि सुरू भएको पहाडबाट मधेस बसाइसराइँ महेन्द्र राजमार्गको निर्माणले तीव्र बन्यो । चामलको भात खान पाइने मधेसमा बस्न पहाडियाको ताँती लाग्यो नै सीमावर्ती भारतीय क्षेत्रबाट पनि अवसरको खोजीमा आउने–बसोवास गर्ने क्रम सुरू भयो । अब हुलाकी राजमार्ग निर्माण भएपछि यो वरपर बसाइसराइँ होला तर ? सम्भवतः नगण्य । भारतीय सीमानजिक भए पनि अहिले सीमावारिभन्दा सीमापारि आर्थिक गतिविधि तेज छ, पूर्वाधारमा त झन् तुलनै हुन सक्दैन । एउटा दुई लेनको सडकमै अवसर देख्ने अवस्था किन पनि छैन भने हुलाकी राजमार्गजत्तिका सडक त त्यहाँ प्रधानमन्त्री ग्रामीण सडक योजना अन्तर्गतका सडक छन् । यसबाहेक फराकिला–चौडा राजमार्ग निर्माण भएका छन्, भइराखेका छन् । नयाँ राजमार्ग बन्दैमा पहाडबाट बसाइसराइँ हुने जमाना पनि रहेन । त्यसमाथि पहाडमै मध्यपहाडी लोकमार्ग पनि निर्माणाधीन छ । 'बरू मध्यपहाडीतिर हल्का रिवर्स बसाइसराइँ पो हुने सम्भावना देख्छु,' लालको आकलन छ । तर, हाम्रो विकासको गति, निर्माण सम्पन्न हुने पो कहिलेर ? लक्ष्य त आर्थिक वर्ष २०७९र८० मै सक्ने छ । तर स्तरोन्नति, कालोपत्रे गर्ने अधिकांश काम बाँकी छन्, निर्माणाधीन पुलहरु अलपत्र छन्, कतिपय पुल डिजाइन–ठेक्काको चरणमै छन् ।*साभार : नयाँपत्रिकाबाट*

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)